"समृद्ध र सफा नगर, दिगो विकास र सुशासनको शहर"

नलगाड नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

दल्ली, जाजरकोट

कर्णाली प्रदेश, नेपाल

पत्र संख्या:२०८२/०८३
च.नं.

मिति:२०८२/०९/०८
ने.सं.११४६, पुष शुक्ल तृतिया, व्याघात गर श्रवण, मंगलबार

---

## राष्ट्रिय फल सुन्तला विशेष कार्यक्रमका लागि प्रस्ताव आव्हानको सुचना ।

यस नलगाड नगरपालिकाको आर्थिक वर्ष २०८२/८३ को वार्षिक स्वीकृत राष्ट्रिय फल सुन्तला विशेष कार्यक्रम (संघिय सशर्त अनुदान) रहेको हुँदा नलगाड नगरपालिकाका कृषि व्यवसाय एवम् सहकारी सम्बन्धित संलग्न ईच्छुक कृषक समूह / कृषि सहकारी संस्था / कृषि फार्म / उद्यमी कृषकबाट दरखास्त आव्हानको लागि यो सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रथम पटक प्रकाशन भएको मितिले २१ (एक्काइस) दिनभित्र नलगाड नगरपालिका कृषि विकास शाखामा तपसिल अनुसारका कागजातहरू संलग्न राखि आवेदन सहित प्रस्ताव आव्हान गरिएको छ । यस सम्बन्धी थप जानकारीका लागि वेवसाईट http://tribeninalgaadmun.gov.np/. फोन नं. ९८६६०७८१०९ मा सम्पर्क गर्न सकिनेछ ।

| क्र स | बजेट शिर्षक | बजेट (रु) | कैफियत |
|---|---|---|---|
| १ | राष्ट्रिय फल सुन्तला विशेष कर्यक्रम | ९०००००। (नौ लाख) | अनुदान रकम प्रदेश तथा स्थानिय तहमा वित्तिय हस्तानतरण भएका कृषि विकास कार्यक्रम कार्यन्वनयन सम्बन्धि कार्यविधि २०८२ वमोजिम उपलब्ध गराइनेछ । |

**आवश्यक कागजात:**

१. संस्था दर्ताको प्रमाण पत्रको प्रतिलिपि ।

२. कृषि व्यवसाय गर्ने अनुसूची अनुसारको प्रस्ताव (व्यावसायिक उत्पादनको हकमा)।

३. निजी फर्मको हकमा गत आ.व. को संस्थाको लेखा परिक्षण भएको प्रतिवेदन फोटोकपी ।

४. निजी फर्मको हकमा गत आ.व. सम्म कर बुझाएको वा कर छुट भएको भए सम्बन्धित स्थानीय तहको प्रमाण ।

५. जग्गाको क्षेत्रफल र स्वामित्व वा हकभोग खुल्ने प्रमाण पत्रको प्रतिलिपी ।

६. प्रतिवद्धता पत्र |

७. आयोजना सम्बन्धी अन्य आवश्यक कागजातहरू ।

स्वरुप बहादुर परियार
प्रमुख प्रशासकीय अधिकृत

---

राष्ट्रिय फल सुन्तला विशेष कार्यक्रममा संचालन गरिने क्रियाकलापहरु

राष्ट्रिय फलको प्रवर्द्धनका निमित्त क्षेत्र विशेषको आवश्यकता अनुसार नर्सरी सुदृढीकरण, बगैंचा स्थापना, क्षेत्र विस्तार, उत्पादन प्रवर्द्धन तथा बजारीकरण जस्ता क्रियाकलाप सञ्चालन गरी सुन्तलाको उत्पादन, उत्पादकत्व तथा बजारीकरण अभिवृद्धि गर्न देहाय बमोजिमका क्रियाकलापहरू सञ्चालन गर्न सकिनेछः-

(क) बगैंचा/क्षेत्रफल विस्तार तथा पुरानो बगैंचा सुदृढिकरण अन्तर्गतः-

(अ) बगैंचा रेखाङ्कन गर्ने, बिरुवा रोप्न खाडल खन्ने ज्यामी ज्याला,

(आ) फलफूल बिरुवा खरिद, प्राङ्गारिक मलखाद, शुक्ष्म खाधतत्व,

(इ) कृषि औजार/उपकरण, (सिकेचर, करौती, हार्भेष्टिङ्ग व्याग, न्यापस्याक र पावर स्प्रेयर),

(ई) सिंचाइ पूर्वाधार निर्माण र व्यवस्थापन (सिंचाइ पाईप, पोखरी निर्माण - प्लाष्टिक पोखरी समेत),

(उ) रोग किरा व्यवस्थापन ।

(ख) उत्पादन उपरान्त गरिने क्रियाकलाप अन्तर्गतः-

(अ) फलको टिपाई पश्चात ढुवानी, भण्डार तथा बजारिकरणको चरणमा देखा पर्न सक्ने रोग तथा किराको व्यवस्थापन,

(आ) उत्पादन पश्चात मूल्य श्रृङ्खलाका विभिन्न चरणमा गर्नुपर्ने क्रियाकलापहरु जस्तैः फलको उपचार, भण्डार गृह र अन्य सामग्रीको निर्मलीकरण,

(इ) वर्गीकरण (Grading), प्याकेजिङ्ग गर्नका लागि आवश्यक रसायन तथा सामग्रीहरु,

(ई) हार्भेष्टिङ्ग र प्याकेजिङ्ग गर्न प्रयोग हुने सामग्रीहरु (हार्भेष्टिङ्ग व्याग, नेट झोला, प्लास्टिक बिन/क्रेटहरू, ट्युवुलर नेटिङ, कुसनिङ र सुरक्षात्मक सामाग्रीहरू, लेवलिङ सामाग्रीहरू, जुटका झोला आदि),

(उ) फलको ग्रेडिङ्ग गर्नका लागि आवशययक सामग्री ( रिफ्रयाक्टोमीटर साइजिङ रिङ वा टेम्प्लेट, तौल मेसिन र अन्य आवश्यक सामग्री) ।

कार्यक्रमका न्यूनतम शर्त / मापदण्ड प्रासङ्गिक विषय देहाय बमोजिम रहेका छन्:-

(क) सम्वन्धित स्थानीय तहमा कार्यक्रम सञ्चालनको लागि तोकिएको फलफूल बाली (सुन्तला) मा मात्र कार्यक्रम सञ्चालन गरिनेछ।

(ख) सुन्तला खेतीका लागि उपयुक्त जलवायु भएको मध्य पहाडी क्षेत्रमा प्रति कृषक कम्तिमा तीन (३) रोपनी क्षेत्रफलमा सुन्तला बगैंचा स्थापना गर्नु पर्नेछ । बगैंचा स्थापना गर्ने कृषकलाई बिरुवा खरिद लगायत बगैंचा रेखाङ्कन, खाडल खन्ने, ज्यामी ज्याला, कृषि औजार/उपकरण तथा सिंचाइ व्यवस्थापन आदिमा अनुदान उपलब्ध गराउन सकिनेछ।

नरबहादुर परियार
प्रमुख प्रशासकीय अधिकृत

पत्र संख्या:२०८२/०८३
च.नं.

मिति:२०८२/०९/०८
ने.सं.११४६, पुष शुक्ल तृतिया, व्याघात गर श्रवण, मंगलबार

---

(ग) कम्तिमा तीन (३) रोपनी जग्गामा सुन्तला खेती गरेको कृषकलाई पुरानो बगैंचा व्यवस्थापन तथा सुदृढिकरणका कार्यक्रम सञ्चालन गर्न अनुदान दिन सकिनेछ । आवश्यकता अनुसार काँटछाँट गर्ने, रोगकिरा तथा मलखाद व्यवस्थापन गर्ने जस्ता बगैंचा व्यवस्थापनमा आवश्यक कृषि औजार/ उपकरण तथा सिंचाई व्यवस्थापन लगायतका कार्य गर्न सकिनेछ।

(घ) बगैंचा स्थापना गर्ने कृपकलाई सुन्तला खेती सम्बन्धी तालिम सञ्चालन गर्न सकिनेछ ।

(ङ) शुद्ध जातीय गुण भएको स्वस्थ विरुवाको प्रयोग हुनु पर्नेछ।

(च) अन्य न्युनतम शर्त / मापदण्ड/ प्रासङ्गिक विषय अनुसूची- ७, ८ र ९ मा उल्लेख भए बमोजिम हुनेछ ।

(छ) प्रदेश तथा स्थानिय तहमा सशर्त वित्तीय हस्तानतरण भएका कृषि विकास कार्यक्रम कार्यन्वयन सम्वन्धि कार्यविधि, २०८२ बमोजिम कार्यक्रम संचालन र अनुदान उपलब्ध गराइनेछ ।

नोटः लक्षित समूहको भौतिक, प्राविधिक र वित्तिय क्षमता, वातावरणीय उपयुक्तता, स्थलगत टोलीको राय, संस्था-व्यक्तिको व्यवसायिक क्रियाशिलता र अनुभव, प्रदेश तथा स्थानिय तहमा सशर्त वित्तीय हस्तानतरण भएका कृषि विकास कार्यक्रम कार्यन्वयन सम्वन्धि कार्यविधि, २०८२ ले तोके वमोजिम का न्यूनतम शर्त र मापदण्डका आधारमा लाभग्राही छनोट गरिनेछ ।विगत दुइ बर्षमा कुनै पनि सरकारी निकायबाट समान प्रकृतिको अनुदान नलिएकोलाइ प्राथमिकता दिइनेछ। ।

*निवेदन र प्रस्तावना फारमको नमुना कृषि विकास शाखा मा उपलब्ध गराइनेछ ।*

खडक बहादुर परियार

प्रमुख प्रशासकीय अधिकृत